**नौमूले गाउँपालिका**

**"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"**

# नौमूले राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८३/०५/०१

**भाग-१**

**नौमूले गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

# गाँजा लागु पदार्थ नियन्त्रण, निर्मूल गर्दै औधोगिक प्रयोगको लागि गरिने भागा खेतीलाई नियमन गर्ने बनेको ऐन, २०८२

**कार्यपालिकाबाट पारित मितिः २०८२/१०/०७**

**<u>प्रस्तावनाः</u>** गाउँ गाउँमा विकृति हुने गाँजा (Cannabis) लाई थप बन्द गर्दै लागु पदार्थ नभएको स्थानीय जातको भागा (Hemp) स्थानीय रोजगार सृजना गर्ने उद्देश्यले औधोगिक उत्पादन प्रयोजनको लागि नियन्त्रित रुपमा गरिने भाङ, भागा (Hemp) खेती प्रशोधन तथा अध्ययन अनुसन्धानलाई नियमन तथा नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्ने वान्छनीय भएकाले, नौमूले गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस स्थानीय ऐनको नाम "औधोगिक प्रयोजनको लागि भागा (Hemp) खेती नियमन ऐन, २०८२" रहेको छ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा —

(क) "अनुमति पत्र" भन्नाले भागा (Hemp) खेती गर्न दफा ७ बमोजिम दिईएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "अनुमति पत्र प्राप्त व्यक्ति" भन्नाले दफा ७ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ग) "गाँजा" भन्नाले "Marijuana" वा "Weed" ) (वैज्ञानिक नाम Cannabis) अधिक THC (Tetrahydrocannabinol)(०.३%) भन्दा बढी भएको CBD (Cannabinoids) सहितको (Cannabis indica) गाँजाको बोटको पात, फूल, बिउ वा फल सम्झनु पर्छ र सो शब्दले गाँजा जातको भांग पात, फूल, विउ वा फल वा गाँजाको बोटबाट प्राप्त गरिएको प्राकृतिक खोटो, लिस्सा, चोव वा गाँजाको निस्सार वा निष्कर्षलाई समेत जनाउँछ ।

(घ) भाङ वा भागा (Hemp) (Cannabis sativa)(Ruderalis) भन्नाले THC को मात्र ०.३% काम भएको वा कम गराउन सकिने औधोगिक कच्चापदार्थ (जरा, दारु काण्ड, बोक्रा रेषा, पात, दाना, दानाको तेल, फल विउ), CBD(Cannabinoids) सहितको निष्कर्षलाई समेत जनाउँछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) "निर्देशक समिति" भन्नाले दफा १२ बमोजिमको निर्देशक समिति सम्झनुपर्छ ।

(छ) "निरीक्षक" भन्नाले दफा १४ बमोजिम तोकिएको वा खटाईएको अधिकृत सम्झनुपर्छ ।

(ज) "स्थानीय निकाय" भन्नाले नौमूले गाउँपालिका सम्झनुपर्छ ।

(झ) "मन्त्रालय" भन्नाले कर्णाली सम्झनुपर्छ ।

## परिच्छेद-२

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३. **भागा खेतीको लागि क्षेत्र तोक्न सक्नेः**

(क) यस नौमूले गाउँपालिकाले स्थानीय पत्रिका र website मा सूचना प्रकाशन गरी नौमूले गाउँपालिका भित्रको कुनै गाउँ/वडा स्थानीय तहको स्थानलाई औषधिजन्य प्रयोजनको लागि भागा (Hemp) खेती गर्न सकिने क्षेत्रको रुपमा तोक्न सक्नेछ |

(ख) भाङ भागा (Hemp) खेतीको लागी सर्वसाधारण जनतालाई उद्यमी बनाउन एक परिवारले २ देखि ५ रोपनी सम्म स्थानीय निकायमा कृषि उद्यम दर्ता गरि नौमूले गाउँपालिकाले तोकेको प्राविधिक टोलीको निगरानीमा खेति वा लघु तथा घरेलु प्रकारको प्रशोधित युनिट राख्न सक्नेछ | ५ रोपनी सम्मको लागि स्थानीय तहले इजाजत दिन सक्नेछ |

(ग) अनुमति लिएर एक रोपनी जग्गामा नौमूले गाउँपालिकामा भित्र रही नेपालमा दर्ता भएका संघ, संस्था, सरकारी निकाय, स्कुल, कलेज, युनिभर्सिटी, समूह, कलब, व्यक्ति Cannabis sativa Ruderalis को बारेमा अध्ययन अनुसन्धान गर्न सकिनेछ |

(३) उपदफा (क) बमोजिम क्षेत्र तोक्दा प्रत्येक अनुमतिपत्र प्राप्त व्यक्तिले भागा (Hemp) खेती गर्न पाउने अधिकतम क्षेत्रफल समेत तोक्नु पर्नेछ |

४. **पूर्व सहमति लिनु पर्नेः** (१) औधोगिक प्रयोजनको लागि भागा (Hemp) खेती गर्न चाहने व्यक्तिले देहाएको विवरण तथा कागजात संलग्न गरी तोकिएको निकायमा पूर्व सहमतिको लागि निवेदन दिनु पर्नेछ —

(क) भागा (Hemp) खेती गर्न चाहेको व्यक्तिको नाम, थर, ठेगाना र सम्पर्क नम्बर तथा कम्पनी वा फर्म भएमा सोको नाम तथा सम्पर्क व्यक्ति र सम्पर्क नम्बर

(ख) भागा (Hemp) खेती गर्न चाहेको स्थान र क्षेत्रफल

(ग) आफ्नै नाममा रहेको जग्गामा खेती गर्ने वा जग्गा भाडा वा लिजमा लिएर खेती गर्न हो सो समेत खुलेको भागा (Hemp) खेती गरिने जग्गाको स्वामित्व सम्बन्धी विवरण

(घ) भागा (Hemp) खेतीको लागि सम्बन्धित वार्ड बाट गरिएको सिफारिस पत्र

(ङ) औधोगिक मध्ये कुन कुन प्रयोजनको लागि खेती गरिने हो सो विवरण

(च) तोकिए बमोजिमको अन्य विवरण

(छ) सम्बन्धित वडाको दर्ताको सिफारिस

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर तोकिएको अधिकारीले जांचबुझ गरी निवेदकलाई औधोगिक प्रयोजनको लागि भागा खेती गर्नको लागि पूर्व सहमतिपत्र दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (३) बमोजिम तोकिएको क्षेत्रफल भन्दा बढी र दुई रोपनी भन्दा कम क्षेत्रफल हुने गरी भगा (Hemp) खेतीको लागि पूर्व सहमतिपत्र दिईने छैन ।

(४) उपदफा (२) बमोजिम प्रदान गरिएको पूर्व सहमतिपत्रको अवधि एक वर्षको लागि मान्य हुनेछ र सो अवधिभित्र यस ऐन बमोजिम तयार गर्नु पर्ने पूर्वाधार तयार गरी अनुमतिपत्र नलिएमा त्यस्तो पूर्व सहमतिपत्र स्वतः अमान्य हुनेछ ।

**५. <u>पूर्वाधार व्यवस्था गर्नु पर्ने</u>**: दफा ४ बमोजिम भागा (Hemp) खेतीको लागि पूर्व सहमतिपत्र प्राप्त व्यक्तिले भागा खेती गरिने जग्गामा देहायको व्यवस्था गर्नु पर्नेछ —

(क) भागा (Hemp) खेती गरिने जग्गाको अवस्थिति मानव बस्ती भन्दा कम्तिमा एक सय मिटरको दुरीमा हुनुपर्नेछ ।

(ख) विदेशी भागा (Hemp) वीउलाई खेती गर्न पाउने छैन ।

(ग) भागा (Hemp) खेतीको सुर्कशाको लागि आवश्यक हेरालुवा निगरानीको व्यवस्थाको लागि आवाश्यक पूर्वाधार

(घ) कपडा बनाउने वा त्यस्तै अन्य औधोगिक प्रयोजनको लागि रेसा उत्पादन गर्नको लागि मात्र खेती गरिने वा खेती गरिएको स्थानमा नै प्रशोधन गरिने भएमा सो को लागि पूर्वाधार

(ङ) भागा (Hemp) फसल तयार भएपछि भण्डारणको लागि खेती गरिएको स्थानमा सुरक्षित भवन वा स्थान

(च) तोकिए बमोजिमको अन्य व्यवस्था ।

**६. <u>अनुमतिपत्रको लागि निवेदन र जांचबुझ</u>**: (१) दफा ४ बमोजिम पूर्व सहमतिपत्र प्राप्त व्यक्तिले दफा ५ बमोजिमको पूर्वाधार तयार गरेपछि देहायका विवरण तथ् कागजात संलग्न औधोगिक प्रयोजनको लागि भागा (Hemp) खेती गर्ने अनुमतिपत्र पाउन तोकिएको अधिकारी समक्ष तोकीए बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ —

(क) अनुमतिपत्र लिन चाहेको व्यक्तिको नाम, थर, ठेगाना र सम्पर्क नम्बर तथा कम्पनी वा फर्म भएमा सोको नाम, रजिष्टर्ड कार्यालयको ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बर

(ख) भागा (Hemp) खेती गरिने जग्गा रहेको स्थान, जग्गाको कित्ता नम्बर तथा क्षेत्रफल र चारकिला खुलेको विवरण र फोटो

(ग) वस्तु उत्पादन प्रयोजनमध्ये कुन कुन प्रयोजनको लागि भागा (Hemp) खेती गर्न अनुमतिपत्र लिन चाहेको हो सोको व्यहोरा

(घ) जग्गाधनीको नाम, थर, ठेगाना वा निवेदकको नाममा जग्गा नरहेको भएका जग्गाधनीसंग भागा (Hemp) खेतीको लागि कम्तिमा पांच बर्षको लागि जग्गा लिज वा भाडामा लिएको सम्झौताको प्रतिलिपि

(ङ) तयार भएको भागा (Hemp) खरिद गर्ने सुनिश्चितताको लागि परिमाण र अवधि समेत खुलेको प्रचलित कानून बमोजिम स्थापना भएका प्रशोधन उद्योग वा कपडा बनाउने वा डाँठबाट फर्निचर बानाउने जस्ता उद्योगसंग गरिएको सम्झौता भएमा सोको प्रतिलिपि

(च) पछिल्लो दश वर्षमा लागू औषध सम्बन्धी कसूरमा सजाय नपाएको स्वःघोषणा

(छ) दफा ५ बमोजिमको पूर्वाधार पूरा गरेको स्वःघोषणा

(ज) तोकिए बमोजिमका अन्य विवरण तथा कागजात ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

७. **अनुमतिपत्र दिनेः** (१) दफा ६ बमोजिम परेको निवेदन र सोसाथ संलग्न कागजात तथा विवरण सम्बन्धमा तोकिएको अधिकारीले आवश्यक देखिएमा निवेदन परेको सात दिन भित्र निवेदकबाट थप कागजात वा विवरण पेश गर्न वा जानकारी माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जांचबुझ गर्दा पेश गर्नु पर्ने कागजात वा विवरण पेश नभएको वा सो सम्बन्धमा थप जानकारी लिन आवश्यक देखिएमा निवेदन परेको सात दिनभित्र निवेदकबाट थप कागजात वा विवरण पेश गर्न वा जानकारी माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम जांचबुझ गर्ने क्रममा दफा ५ बमोजिमको पूर्वाधार पुरा भए नभएको विषयमा शंका लागेमा तोकिएको अधिकारीले निरीक्षकलाई भागा (Hemp) खेती गर्ने स्थानको स्थलगत निरीक्षण गर्न लगाई पूर्वाधार पूरा भए नभएको प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम आवश्यक जांचबुझ गर्दा तोकिएको अधिकारीले अनुमतिपत्र दिन उपयुक्त देखेमा तोकिए बमोजिमको दस्तुर लिई निवेदकलाई औधोगिक प्रयोजन वा दुवै प्रयोजनको लागि भागा (Hemp) खेती गर्न तोकिए बमोजिमको ढांचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले यो  ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएका शर्तहरु पालना गर्नु पर्नेछ ।

८. **<u>अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका शर्तहरुको पालना गर्नु पर्नेछ —

(क) यस ऐन बमोजिमको पूर्वाधार तथा व्यवस्था गरेर मात्र भागा (Hemp) खेती गर्नु पर्ने

(ख) जुन प्रयोजनको लागि अनुमतिपत्र दिईएको हो सो प्रयोजन बाहेक अन्य प्रयोजनको लागि मात्र भागा (Hemp) खेती गर्ने

(ग) भागा (Hemp) खेती लगाएपछि फसल तयार नभएसम्म तोकिए बमोजिमको विवरण निरीक्षक समक्ष पठाउने

(घ) कुनै कारणबाट भागा (Hemp) बोटमा नोक्सानी भएमा त्यसको प्रमाण सहितको जानकारी यथाशिघ्र नजिकको प्रहरी कार्यालय र निरीक्षकलाई दिने वा सम्बन्धित कार्यालय वा जानकारी दिने

(ङ) भागा (Hemp) को बोट तयार भएपछि त्यसलाई कटान तथा भण्डारण र बिक्रि गर्दा त्यसको पूर्व जानकारी स्थानीय प्रहरी र सम्बन्धित स्थानीय तहको वडा कार्यालय र निरीक्षकलाई गराउने

(च) खेती लगाएको क्षेत्रफल, संभव भएसम्म वयस्क भागा (Hemp) को बोट अन्दाजी संख्या, खेतीबाट उत्पादन भएको भागा (Hemp) को परिमाण, बिक्रीको परिमाण र खरिदकर्ताको विवरण समेत खुले गरी अभिलेख अध्यावधिक राख्ने

(छ) औधोगिक प्रयोजनको लागि मात्र खेती गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले भागा (Hemp) बोटका औधोगिक प्रयोजनको लागि प्रयोग हुने भाग बाहेक अन्य भाग वा उत्पादन तोकिएको व्यक्ति र निकाएको १० जना साक्षी रोहवरमा नष्ट गरी त्यसको अभिलेख राख्ने

(ज) उव्जाएको भागा (Hemp) कुनै कारणले विक्री हुन नसकेमा गोदाम भएको खण्डमा सोको जानकारी सम्बन्धित निकायलाई दिने

(झ) तोकिए बमोजिमका अन्य शर्त ।

९. **<u>अनुमतिपत्रको अवधि र नविकरणः</u>** (१) अनुमतिपत्र अवधि यस ऐनको अधिनमा रही बढीमा पांच बर्षको हुनेछ ।

(२) भागा (Hemp) खेती गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा अगावै तोकिए बमोजिम दस्तुर बुझाई अनुमतिपत्र नविकरण गराउनु पर्नेछ ।

(३) अनुमतिपत्र नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **<u>अनुमतिपत्र खारेज गर्न सकिनेः</u>** (१) दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको कुनै अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकारीले जुनसुकै समयमा अनुमतिपत्र खारेज गर्ने सक्नेछ —

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्ने पर्ने शर्तको पालना गरेको नदेखिएमा

(ग) दफा ९ बमोजिमको अवधिभित्र अनुमतिपत्र नविकरण नगराएमा

(घ) नौमूले गाउँपालिकाबाट पूर्व स्वीकृत नलिई अनुमतिपत्र लिंदा खरिद गर्न सम्झौता गरेको उद्योग बाहेक अन्य उद्योगलाई भागा (Hemp) बिक्रि गरेको पाईएमा

(ङ) भागा (Hemp) खेती गर्नको लागि यस ऐन बमोजिम कायम गर्ने पर्ने पूर्वाधार कायम गरेको नदेखिएमा

(च) यो ऐन तथा ऐन ऐन अन्तर्गत बनेको नियमावली बमोजिम राख्नु पर्ने बिक्रि वितरणको अभिलेख नराखेमा वा त्यस्तो अभिलेख अनुमतिपत्र जारी गर्ने अधिकारी वा निरीक्षकले मागेको बखत उपलब्ध नगराएमा

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो अनुमतिपत्र खारेज गर्नको लागि निवेदन दिएमा ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

तर सो उपदफाको खण्ड (छ) बमोजिमको अवस्थामा त्यस्तो मौका दिई रहनु पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गरेकोमा चित्त नबुझ्ने व्यक्तिले खारेज गर्ने निर्णय भएको मितिले पैंतिस दिनभित्र नौमूले गाउँपालिका समक्ष उजुरी दिन सक्नेछ र त्यसरी परेको उजूरीमा नौमूले गाउँपालिका सचिवबाट भएको निर्णय अन्तिम हुनेछ ।

**११. <u>अर्को उद्योगलाई विक्री गर्न सक्ने:</u>** अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको भागा (Hemp) कुनै कारणबाट निजसंग खरिद गर्ने सुनिस्चितता गरेको उद्योगले खरिद गर्न नसक्ने अवस्था भएमा अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले लगाएको भागा (Hemp) नौमूले गाउँपालिका स्वीकृति लिएर प्रचलित कानून बमोजिम स्थापना भएको अर्को उद्योगलाई बिक्रि गर्ने सक्नेछ ।

## परिच्छेद-३

## निर्देशक समिति, निरीक्षक तथा अन्य संस्थागत व्यवस्था

**१२. <u>निर्देशक समिति सम्बन्धी व्यवस्था:</u>** (१) अनुमतिपत्र प्राप्त व्यक्तिबाट गरिने भागा (Hemp) खेतीको अनुगमन तथा निर्देशन सम्बन्धी काम समेतको लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ —

नौमूले गाउँपालिकाको गाउँसभा निर्णयले प्राविधिक सहितको समिति अनुगमन, व्यवस्थापन, सिफारिस समिति गठन गर्नेछ ।

क) समिति प्रमुख — गाउँपालिका प्रमुख वा उपप्रमुख १ छनौट

ख) समिति उप प्रमुख — सम्बन्धित वडा अध्यक्ष १ पधेन

ग) समिति सदस्य — दर्ता कार्यालय प्रमुख १ पधेन

घ) समिति टेक्निकल सदस्य — भागा सम्बन्धि जानकार कर्मचारी १ छनौट

ङ) समिति प्रहरी सदस्य — प्रहरी कार्यालयले खटाएको प्रतिनिधि १ परिपत्र

च) समिति प्रहरी सदस्य — प्रहरी कार्यालयले खटाएको प्रतिनिधि १ परिपत्र

छ) समिति कृषि विज्ञ — गाउँपालिका स्तरीय कृषि विज्ञ १ छनौट

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ |

(३) निर्देशक समितको अध्यक्षले तोकेको मिति, समय र स्थानमा सो समितिको बैठक बस्नेछ |

(४) निर्देशक समितिको बैठक बस्नु भन्दा कम्तिमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने बिषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले निर्देशक समितिका सदस्यहरुलाई दिनेछ |

(५) निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ |

(६) निर्देशक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ |

(७) निर्देशक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ |

(८) निर्देशक समितिको बैठकको निर्णय निर्देशक समितिको अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरि राख्नेछ |

(९) निर्देशक समितिले आवश्यक ठानेमा कुनै विशेषज्ञ वा पदाधिकारीलाई सो समितिको बैठकमा पर्ववेक्षकको रुपमा माग लिन आमन्त्रण गर्न सक्नेछ |

(१०) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ |

**१३. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ —

(क) भागा (Hemp) खेतीगर्ने गाउँको पहिचान तथा क्षेत्र निर्धारणको लागि सम्बन्धित निकायलाई निर्देशन दिने

(ख) भागा (Hemp) खेतीलाई व्यवस्थित र नियन्त्रित गर्ने सम्बन्धमा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली कार्यान्वयनको सम्बन्धमा कुनै समस्या वा द्विविधा भएका सो समस्याको समाधान गर्ने

(ग) भागा (Hemp) खेतीबाट भएको बस्तुको उत्पादनलाई सकेसम्म नौमूले गाउँपालिका भित्र प्रशोधन गरी उपभोग्य वस्तुको उत्पादनको लागि प्रोत्साहन गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था मिलाउन आवश्यक समन्वय, सहजीकरण र पहल गर्ने

(घ) भागा (Hemp) खेती तथा त्यसको बिक्रिको अनुगमन तथा निरीक्षण गर्ने, गराउने

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिले विक्री गरेको भागा (Hemp) खरिद गर्ने उद्योगले त्यस्तो भागा (Hemp) आफ्नो उद्योगसम्म ढुवानीमा समन्वय गर्ने तथा सुरक्षाको व्यवस्था गर्ने लगाउने

(च) भागा (Hemp) उपभोग तथा यसले पार्ने प्रभावको बारेमा सचेतना कार्यक्रम संचालन गर्ने

(छ) संघिय ऐनको प्रतिकुल हुने गरी गरिएको भागा (Hemp) खेती नष्ट गर्ने निर्देशन दिने

(ज) निरीक्षकको काम कारवाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने

(झ) भागा (Hemp) खेती गरे वापत बुझाउनु पर्ने रोयल्टीको दर निर्धारण गर्न सिफारिस गर्ने

(ञ) अनुमतिपत्र प्राप्त व्यक्तिलाई भागा (Hemp) खेतीको लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन समन्वय गर्ने तथा सम्बन्धित निकायलाई निर्देशन दिने

(ट) भागा (Hemp) खेती तथा यसको उत्पादन तथा विक्री वितरणको अनुगमन तथा निरीक्षण गराउने

(ठ) तोकिए बमोजिमको अन्य काम गर्ने गराउने

**१४. <u>निरीक्षक सम्बन्धी व्यवस्था</u>:** अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम पालना गर्ने पन्रे शर्तहरु पालना वा पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नौमूले गाउँपालिका गाउँ सभा वा कार्यकारी सभाले हेर्नेछ र विश्वमा प्रविधिको विकास भैरहेकोले प्रविधिको प्रयोगद्वारा पनि निरीक्षण गर्न सकिनेछ |

**१५. <u>निरीक्षकको काम, कर्तव्य र अधिकार</u>:** (१) यो ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको अन्य काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ —

(क) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्ने पर्ने शर्त पालना भए नभएको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने

(ख) अनुगमन तथा निरीक्षणको क्रममा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने शर पालना गरेको नपाईएमा पहिलो पटक र सामान्य अवस्था भएमा पालना गर्न लगाउने तथ् शर्तको गम्भीर र पटक पटक उल्लंघन गरेको देखिएमा अनुमतिपत्र खारेजीको लागि सिफारिस गर्ने

(ग) गुणस्तरिय उत्पादनको लागि भागा (Hemp) को खेतीको लागि उपयुक्त वीउ, खेतीको तरिका तथा फसल स्याहार्ने अवधि वा समयको बारेमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक प्राविधिक सल्लाह दिने

(घ) अनुगमन तथा निरीक्षणको क्रममा अनधिकृत रुपमा भागा (Hemp) खेती गरेको वा विक्री गरेको पाईएका नौमूले गाउँपालिकालाई जानकारी गराई स्थानीय सुरक्षा निकायको सहयोगमा नष्ट गर्ने गराउने

(ङ) अनुमतिपत्र प्राप्त व्यक्तिलाई निजबाट उत्पादन भएको भागा (Hemp) अनधिकृत रुपमा प्रयोग हुन नदिन सतर्कता अवलम्बन गर्न सुझाव दिने

(च) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन तथा नियमावली बमोजिम राख्ने अभिलेख राखे नराखेको जांच गर्ने

(छ) अनुमतिपत्र प्राप्त व्यक्तिबाट भागा (Hemp) स्याहार्दा वा नष्ट गर्दा रोहवरको लागि अनुरोध भई आएमा आफ्नो रोहवरमा त्यस्तो कार्य गर्न लगाई सोको प्रतिवेदन नौमूले गाउँपालिकालाई पठाउने

(ज) आफूलाई तोकिएको कार्यक्षेत्रमा अनुमतिपत्र प्राप्त व्यक्तिबाट गरिएका भागा (Hemp) खेती सम्बन्धी प्राप्त विवरण तथा अभिलेख एकिकृत र अध्यावधिक गरी मासिक रुपमा नौमूले गाउँपालिकालाई पठाउने

(३) उपदफा (२) बमोजिम निरीक्षण गर्दा कुनै अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम हुनुपर्ने पूर्वाधार नभएको वा पटक पटक पालना गर्ने पर्ने शर्तको पालना नगरेको अवस्था देखिएमा निरीक्षकले त्यस्तो अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र खारेज गर्ने कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

(४) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१६. <u>नियमन तथा नियन्त्रणको लागि बेग्लै निकाय स्थापना गर्न सक्ने:</u>** (१) नौमूले गाउँपालिका लगातार पांच वर्ष सम्म तोकिएको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा भागा (Hemp) खेती हुने गरी यसको व्यावसायिक खेती तथा उपयोग हुने अवस्था भएमा र भागा (Hemp) खेतीको नियमन तथा नियन्त्रणको लागि बेग्लै निकायको आवश्यकता छ भन्ने गाउँपालिकालाई लागेमा सूचना पाटी सूचना प्रकाशन गरी निर्देशक समितिको अन्तर्गत रहने गरी बेग्लै निकायको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय गठन भएपछि यस ऐन बमोजिम भागा (Hemp) अनुमतिपत्र जारी गर्ने, खारेजी गर्ने तथा गाँजाको नियमन सम्बन्धी कार्य सोही निकायबाट गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको निकायमा रहने संगठन संरचना तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. <u>स्थानीय निगरानी समिति रहने:</u>** (१) भागा (Hemp) खेतीको लागि अनुमतिपत्र प्रदान गरिएको स्थानीय तहमा भागा (Hemp) खेतीको निगरानी तथा अनुगमन समेतको लागि देहाय बमोजिमको स्थानीय निगरानी समिति रहनेछ —

(क) सम्बन्धित स्थानीय तहको कृषि महाशाखाको प्रमुख — संयोजक

(ख) प्रतिनिधि स्थानीय तहको प्रहरी कार्यालय — सदस्य

(ग) सम्बन्धित स्थानीय तहभित्रका समाजसेवी मध्येबाट स्थानीय तहको कार्यपालिकाबाट मनोनित कम्तिमा एक जना महिला सहित दुईजना — सदस्य

(घ) स्थानीय तहको कृषक प्रतिनिधि एक जना — सदस्य

(२) उपदफा (१) बमोजिमको स्थानीय निगरानी समितिको बैठक, काम कर्तव्य र अधिकार तथ् तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## कसूर र सजाय सम्बन्धी व्यवस्था

१८. **<u>कसूर गरेको मानिने:</u>** (१) कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ —

(क) अनुमतिपत्र प्राप्त नगरी भागा (Hemp) खेती गरेमा वा अनुमतिपत्रमा उल्लेख गरिएको जग्गा भन्दा फरक जग्गा र अनुमतिपत्रमा उल्लेख भएको क्षेत्रफल भन्दा बढी क्षेत्रफलमा भागा (Hemp) खेती गरेमा

(ख) यस ऐन विपरित अन्य कसैलाई भागा (Hemp) बिक्रि वितरण गरेमा

(ग) यस ऐन बमोजिम राख्नु पर्ने विवरण वा अभिलेख नराखेमा वा समय समयमा यस ऐन बमोजिम पठाउनु पर्ने विवरण सम्बन्धित निकाय वा अधिकारीलाई नपठाएमा

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको विपरित अन्य कुनै काम गरेमा

(२) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सजाय हुनेछ |

(३) उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको कसूर गरेमा निरिक्षकको प्रतिवेदनको आधारमा नौमूले गाउँपालिका कसूरको प्रकृति हेरी प्रचास हजार रुपैयाँ देखि पांच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ |

१९. **<u>अनुसन्धान तथा तहकिकातको लागि लेखी पठाउने:</u>** कसैले दफा १८ को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेको देखिएमा वा जानकारीमा आएमा निरिक्षकले उपलब्ध भएसम्मको जानकारी संलग्न गरी त्यस्तो व्यक्तिलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम अनुसन्धान तथ् तहकिकातको लागि सम्बन्धित निकायमा पठाउने छ |

## परिच्छेद-५

## विविध

२०. **<u>जग्गाको हदबन्दी सम्बन्धी व्यवस्था:</u>** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले भागा (Hemp) खेतीको लागि उपयोग गर्ने जग्गाको हदबन्दीको विषयमा प्रचलित कानून बमोजिम कृषि तथा वन पैदावारमा आधारित उद्योगले पाए सरह छुट हुनेछ |

२१. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** भागा (Hemp) वा भागा बाट उत्पादन उपयोगका कपडा लगायतका उत्पादनका वस्तुहरुको निकासी तथा विक्री सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ |

२२. <u>कृषि आयको रुपमा कर लगाउने:</u> यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले भागा (Hemp) खेतीबाट गरेको आयमा नौमूले गाउँपालिका प्रचलित आर्थिक कानूनमा निर्धारण भए बमोजिमको कृषि आयको रुपमा कर बुझाउनु पर्नेछ ।

२३. <u>नियम बनाउने अधिकार:</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नौमूले गाउँपालिका आवश्यक निम्न बनाउन सक्नेछ ।

**२४. यो नौमूले गाउँपालिकाले निम्न बमोजिम सेवा-शुल्क लिनेछ -**

(क) भागा (Hemp) सुकेको डण्डी प्रति किलो रु. १.००

(ख) भागा (Hemp) सुकेको रेषा प्रति किलो रु. ५.००

(ग) भागा (Hemp) धागो प्रति किलो रु. १०.००

(घ) भागा (Hemp) कपडा प्रति किलो रु. २०.००

(ङ) भागा (Hemp) सुकेको दाना वा बीउ प्रति किलो रु. १०.००

(च) भागा (Hemp) सुकेको कलिलो पात वा चिया प्रति किलो रु. ५०.००

(छ) भागा (Hemp) सुकेको जरा प्रति किलो रु. १.००

प्रमाणीकरण मिति: २०८३/०५/०१

आज्ञाले,

**भक्त बहादुर मल्ल**

प्रमुख प्रशासकीय अधिकृत